# प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

श्रीमान् सचिवज्यू,
मन्त्रालयको प्रस्तुत विवरण Website मार्फत प्रकाशित गर्न स्वीकृतिको लागी पेश गर्दछु।

बलराम ढकाल
प्रदेश सचिव

## स्वतः प्रकाशन (Proactive Disclosure)

(प्रथम चौमासिक)

आ.व.२०८२/८३

## बागमती प्रदेश सरकार

# युवा तथा खेलकुद मन्त्रालय

## हेटौंडा, नेपाल।

बिपय सूचीः

१. परिचयः ......3

२. युवा तथा खेलकुद मन्त्रालयका काम, कर्तव्य र अधिकार ......3

३. मन्त्रालयको सोच, उद्देश्य र रणनिति **(Ministry's Vision, Objective, and Strategy)** ......4

४. मन्त्रालयको सङ्गठन संरचनाः ......6

५. मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुको कुल स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था निम्नानुसार रहेको छः.....9

६. मन्त्रालयवाट सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी......10

७. मन्त्रालयवाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि......11

८. मन्त्रालयको निर्णय गर्ने प्रक्रिया र अधिकारीः ......11

९. मन्त्रालयको निर्णय उपर उजुरी सुन्ने अधिकारीः- ......11

१०. मन्त्रालयको सम्पादन गरेको कामको चौमासिक विवरणः- ......11

११. सूचना अधिकारि प्रवक्ता र सचिवको नाम र पद :- ......12

१२. मन्त्रालयको ऐन, नियम, विनियम वा निर्देशिकाको सूची......12

१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः- ......13

१४. विगतमा मन्त्रालय अन्तर्गतको निकायबाट सञ्चालन तथा सम्पन्न भएका कार्यक्रम वा आयोजना सम्बन्धी विवरण, **13**

१५. तोकिए बमोजिमका अन्य विवरण......16

अनुसूची १ः ......17



CamScanner

## १. परिचयः

२०७२ सालमा संविधान जारी भएपछि जारी नेपालमा संघीय शासन प्रणालीको थालनी पश्चात संघ, प्रदेश, स्थानीय तह गरी ३ तहको शासन प्रणाली अभ्यासमा छ। संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार संविधानको अनुसूचीमा व्यवस्था गरेको छ ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०२/०२ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ मा हेरफेर भई युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। मिति २०८२/०४/३० गते माननीय श्री उर्मिला नेपालज्यू युवा तथा खेलकुद मन्त्रालयमा नियुक्ति हुनुभएको छ ।

बागमती प्रदेश सरकारको नीति अनुरूप युवा तथा खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन खेलकुद सम्बन्धी संस्थाको नियमन प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता लगायत युवा तथा खेलकुद सम्बन्धी अन्य गतिविधिहरूको यस मन्त्रालयको कार्यजिम्मेवारी भित्र पर्दछ ।

युवा तथा खेलकुद सम्बन्धी गतिविधिहरूको विकास र विस्तारको प्रदेश युवा परिषद् ऐन, २०७६ प्रदेश युवा परिषद् नियमावली, २०७७ प्रदेश खेलकुद विकास ऐन, २०७५ र प्रदेश खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८१ जारी भई कार्यान्वयनमा रहेका छन् ।

बागमती प्रदेश स्तरीय युवा तथा खेलकुद सम्बन्धी गतिविधिहरुको प्रभावकारी संचालन तथा व्यवस्थापनका लागि यस मन्त्रालयको अङ्गको रुपमा प्रदेश खेलकुद परिषद्को कार्यालय र प्रदेश युवा परिषद्को कार्यालय बागमती प्रदेशको राजधानी हेटौंडा रहेका छन् ।

## २. युवा तथा खेलकुद मन्त्रालयका काम, कर्तव्य र अधिकार

### १. कामहरू

- युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।
- खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्ड निर्माण, परिमार्जन र कार्यान्वयन गर्ने।
- मन्त्रालय अन्तर्गतका निकायहरू (प्रदेश युवा परिषद्, प्रदेश खेलकुद विकास परिषद्) का नीति तथा योजनाहरूमा मार्गदर्शन र समन्वय गर्ने।
- राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र खेलाडीहरूको सहभागिता सुनिश्चित गर्ने।
- युवाका लागि सीपमूलक तालिम, स्वरोजगार, नेतृत्व विकास र स्वयंसेवा कार्यक्रमहरू सञ्चालन गर्ने।



CamScanner

- खेलकुद संरचना निर्माण, मर्मत र विस्तार सम्बन्धी योजना कार्यान्वयन गर्ने।
- खेलकुद र खेलकुद पूर्वाधारको विकास र विस्तार गर्ने।
- खेलकुद प्रशासन, खेलकुदसँग सम्बन्धित संघसंस्था र समितिहरूको नियमन र समन्वय गर्ने।
- युवा तथा खेलकुद क्षेत्रका कार्यक्रमहरूलाई प्रदेश नीति र संघीय योजनासँग समन्वय गरी कार्यान्वयन गर्ने।

२. जिम्मेवारी

- प्रदेश खेलकुद विकास परिषद् र प्रदेश युवा परिषद्का कार्यहरूलाई बलियो र प्रभावकारी बनाउने।
- जिल्ला खेलकुद विकास समितिहरू तथा जिल्ला युवा समितिहरूको कार्यसम्पादनमा समन्वय र अनुगमन गर्ने।
- मन्त्रालय अन्तर्गतका कार्यालयहरूको मानव संसाधन व्यवस्थापन, प्रशासनिक कार्य, र संस्थागत विकास गर्ने।
- युवा तथा खेलकुद सम्बन्धी अन्य गतिविधिहरूको नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन निर्माण र अनुगमन गर्ने।
- खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने ।
- सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्दै मन्त्रालय अन्तर्गतका कार्यक्रमहरूको अनुगमन गर्ने।
- खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन गर्ने ।
- खेलकुद प्रशासन र खेलकुदसम्बन्धी संघसंस्थाको नियमन र समन्वय गर्ने ।
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- युवा तथा खेलकुदसम्बन्धी अन्य गतिविधि।

३. अधिकार

- युवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कार्यहरू सञ्चालन, नियमन र निर्देशन गर्ने अधिकार।
- मन्त्रालयले बनाएका ऐन, नियमावली र कार्यविधि कार्यान्वयनमा ल्याउने जिम्मेवारी।
- खेलाडी, प्रशिक्षक र युवा उद्यमीहरूको प्रोत्साहन, सम्मान, पुरस्कार र संरक्षणका व्यवस्था गर्ने।

## ३. मन्त्रालयको सोच, उद्देश्य र रणनिति (Ministry's Vision, Objective, and Strategy)

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नाराका साथ युवा तथा स्वास्थ्य, प्रतिस्पर्धा र गौरववान्वित खेल क्षेत्र निर्माण गर्ने महान् लक्ष्य लिएको छ। यस मन्त्रालयको परिकल्पना राष्ट्रको समग्र विकास र समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने एक सबल, गतिशील र परिणाममुखी संयन्त्रका रूपमा रहेको छ। यसको मुख्य उद्देश्य देशको युवा शक्तिलाई सही दिशा दिनु, उनीहरूको प्रतिभालाई उजागर गर्नु

र उनीहरूलाई सामाजिक उत्तरदायित्वबोधका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिकका रूपमा विकास गर्नु हो।

१. **मुख्य उद्देश्यहरू (Key Objectives)**

- स्वस्थ नागरिकको निर्माणः सबै नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धन गर्न खेलकुदलाई जीवनशैलीको अभिन्न अंग बनाउने।
- राष्ट्रिय गौरवको अभिवृद्धिः खेलकुदमा उत्कृष्ट प्रदर्शन गरी अन्तर्राष्ट्रिय मञ्चहरूमा राष्ट्रको पहिचान र गौरव बढाउने।
- युवा सशक्तीकरणः युवाहरूलाई सीप, अवसर र रोजगारीका माध्यमबाट राष्ट्र निर्माणको मूलधारमा जोड्ने।
- सामाजिक सद्भावः खेलकुदको माध्यमबाट विभिन्न समुदाय र क्षेत्रहरूबीचको एकता र सद्भाव बढाउने।

२. **रणनीतिहरू (Strategies)**

यी उद्देश्यहरू प्राप्त गर्न मन्त्रालयले देहायबमोजिमका विस्तृत रणनीतिहरू अपनाउनेछः


- प्रदेशभरि आधुनिक र स्तरीय खेल पूर्वाधारहरूको निर्माण र स्तरोन्नति गर्ने, जसले गर्दा सबै प्रदेश र स्थानीय तहमा खेलकुदको पहुँच स्थापित होस्।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरुलाई पर्याप्त आर्थिक प्रोत्साहन, सुविधा र सम्मान प्रदान गर्ने ।
- युवा स्वयंसेवक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई सामाजिक कार्य, विपद् व्यवस्थापन र सचेतना अभियानहरूमा सक्रियतापूर्वक सहभागी गराउने।
- खेल क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्दै आर्थिक पारदर्शिता सुनिश्चित गर्ने र नियमनकारी निकायहरूलाई सशक्त बनाउने।

यसरी, यो मन्त्रालयले खेल क्षेत्रको चौतर्फी विकास हुने र यसबाट देश र प्रदेशको समग्र विकासमा योगदान पुग्ने सोच, लक्ष्य र रणनीति लिएको छ।

४. मन्त्रालयको सङ्गठन संरचनाः

युवा तथा खेलकुद मन्त्रालय, हेटौंडा

रेखाचित्र २ः सङ्गठन संरचना




नोटः मन्त्रालय, माननीय मन्त्री र सचिवको सचिवालयमा मौजुदा कर्मचारीबाट नै कामकाज गर्न खटाइनेछ।

## मन्त्रालयको स्वीकृत दरबन्दी तेरिज र हाल कार्यरत कर्मचारी विवरणः

| सि.नं | पदको नाम | श्रेणी तह | सेवा (समुह) | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारी | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम/अधिकृतस्तर-११ | प्रशासन | १ | १ | - | |
| २. | अधिकृत | अधिकृतस्तर नवौं/दशौं | प्रशासन (सा.प्र.) | १ | १ | - | |
| ३. | अधिकृत | अधिकृतस्तर नवौं/दशौं | शिक्षा (शि.प्र.) | १ | १ | - | |
| ४. | अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन (सा.प्र.) | १ | १ | - | |
| ५. | अधिकृत | अधिकृतस्तर सातौं/आठौं | शिक्षा (शि.प्र.) | १ | १ | - | |
| ६. | लेखा अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन (लेखा) | १ | १ | - | |
| ७. | सहायक/अधिकृत | सहायक पाँचौं/छैटौं | प्रशासन (सा.प्र.) | १ | - | १ | |
| ८. | सहायक/अधिकृत | सहायक पाँचौं/छैटौं | शिक्षा (शि.प्र.) | १ | १ | - | |
| ९. | सहायक/अधिकृत (कम्प्युटर) | सहायक पाँचौं/छैटौं | प्रशासन विविध | १ | १ | - | सेवा करार |
| १० | ह.स.चा. | तहविहिन | - | २ | १ | १ | सेवा करार |
| ११ | कार्यालय सहयोगी | तहविहिन | - | ३ | ३ | - | सेवा करार |
| जम्मा | | | | १४ | १२ | २ | |

युवा तथा खेलकुद मन्त्रालय हेटौंडा, नेपाल

निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

| शाखा/कार्यकक्ष | पद | सेवा/समूह | नाम/थर | कैफियत |
|---|---|---|---|---|
| माननिय मन्त्री | माननिय मन्त्री | | मा.उर्मिला नेपाल | |
| मानिनय मन्त्रीको निजि सचिवालय | स्वकीय सचिव | | श्री विष्णु माया थापा | |
| | स्वकीय सचिव | | श्री प्रतिमा पौडेल | |
| | हलुका सवारी चालक | | श्री सागर राजथला | |
| | कार्यालय सहयोगी | | श्री शर्मिला नेपाल | |
| | कार्यालय सहयोगी | | श्री रुमन चौधरी | |
| प्रदेश सचिव | सचिव | | श्री बलराम ढकाल | |
| युवा तथा खेलकुद महाशाखा | प्रवक्ता (अधिकृत नवौं) | शिक्षा | श्री लोक बहादुर वाइबा | |
| | अधिकृत सातौं (सूचना अधिकारी) | शिक्षा | श्री देवराज कपाडी | |
| प्रशासन योजना तथा अनुगमन महाशाखा | माहाशाखा प्रमुख (अधिकृत दसौं) | प्रशासन | श्री नेत्र प्रसाद भट्टराई | |
| | अधिकृत सातौं | प्रशासन | श्री हुम बहादुर वि.क | |
| | लेखा अधिकृत सातौं | लेखा/प्रशासन | श्री विष्णु प्रसाद आचार्य | |
| | सहायक पाँचौं (स्टोर शाखा) | शिक्षा | श्री भरत बहादुर विष्ट | |
| | कम्प्युटर अपरेटर | प्रशासन/विविध | श्री सृजला कार्की | |
| | हलुका सवारी चालक | | श्री हरि प्रसाद भट्ट | |
| | कार्यालय सहयोगी | | श्री सबिता घिमिरे | |
| | कार्यालय सहयोगी | | श्री देवी प्रसाद खतिवडा | |
| | कार्यालय सहयोगी | | श्री सबिता राई | |
| | सुरक्षा गार्ड | | श्री विशाल पासवान | |
| | सुरक्षा गार्ड | | श्री हस्त बहादुर थापा मगर | |
| | सुरक्षा गार्ड | | श्री सन्तराम विश्वकर्मा | |
| | सर सफाईकर्मी | | श्री माधुरी तिमल्सीना | |



CamScanner

५. मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुको कुल स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था निम्नानुसार रहेको छः

| युवा तथा खेलकुद मन्त्रालय | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत दरबन्दी | | | पदपुर्ति विवरण | | |
| अधिकृत तह | सहायकस्तर | श्रेणी विहीन | अधिकृत तह | सहायकस्तर | श्रेणी विहीन |
| ६ | ३ | ५ | ६ | २ | ४ |
| रिक्त पदः सहायकस्तर पाँचौं (प्रशासन) -१ ह.स.चा. -१ जम्मा-२ जना | | | | | |

| प्रदेश युवा परिषद्को तर्फ | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत दरबन्दी | | | पदपुर्ति विवरण | | |
| अधिकृत तह | सहायकस्तर | श्रेणी विहीन | अधिकृत तह | सहायकस्तर | श्रेणी विहीन |
| २ | ३ | ४ | ० | ३ | ३ |
| रिक्त पदः अधिकृतस्तर-२ सहायकस्तर पाँचौं-० ह.स.चा.-० जम्मा-२ जना | | | | | |

| प्रदेश खेलकुद विकास परिषद्को तर्फ | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत दरबन्दी | | | पदपुर्ति विवरण | | |
| अधिकृत तह | सहायकस्तर | श्रेणी विहीन | अधिकृत तह | सहायकस्तर | श्रेणी विहीन |
| ५ | ६ | ४ | ४ | ५ | ३ |
| रिक्त पदः अधिकृतस्तर-१ सहायकस्तर पाँचौं-१ ह.स.चा.-१ जम्मा-३ जना | | | | | |

| क्र.सं. | कार्यालयको नाम | सङ्ख्या | स्वीकृत दरबन्दी | पदपूर्ति सङ्ख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | युवा तथा खेलकुद मन्त्रालय | १ | १४ | १२ | २ | |
| २. | प्रदेश युवा परिषद् | १ | ९ | ६ | २ | |
| ३. | प्रदेश खेलकुद विकास परिषद् | १ | १५ | १२ | ३ | |



CamScanner

६. मन्त्रालयवाट सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| माहाशाखा/शाखा | जिम्मेवार अधिकारी |
|---|---|
| क) युवा तथा खेलकुद विकास माहाशाखाः | श्री लोक बहादुर वाइवा |
| अ) युवा तथा खेलकुद विकास शाखाः<br>• युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,<br>• प्रदेश युवा परिषद्लाई सहयोग तथा सहजीकरण,<br>• खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,<br>• खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धनमा सहयोग,<br>• खेलकुद प्रशासन र खेलकुद सम्बन्धी संघसंस्थाको अनुगमन तथा निरीक्षण,<br>• राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिताका लागि प्रदेश खेलकुद विकास परिषद्लाई सहयोग तथा सहजीकरण ,<br>• युवा तथा खेलकुद सम्बन्धी अन्य गतिविधि,<br>• मन्त्रालयले तोकेका अन्य कार्य । | श्री देवराज कपाडी |
| ख) प्रशासन, योजना तथा अनुगमन माहाशाखाः | श्री नेत्र प्रसाद भट्टराई |
| अ) प्रशासन शाखाः<br>• प्रशासनिक तथा कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य,<br>• मन्त्रालय मातहतका जनशक्तिको सरुवा तथा पदस्थापन सम्बन्धी कार्य,<br>• कर्मचारीको बिदासम्बन्धी कार्य,<br>• खरिदसम्वन्धी कार्य,<br>• कार्यालय अनुगमन र प्रतिवेदन,<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माग गरेका जबाफ दिने र निर्देशनहरूको कार्यान्वयन गर्ने,<br>• मन्त्रालयले तोकेका अन्य कार्य । | श्री हुम बहादुर वि.क |
| १. स्टोरः<br>• जिन्सीसम्वन्धी कार्य, | श्री भरत बहादुर बिष्ट |
| आ) आर्थिक प्रशासन शाखाः<br>• लेखा सम्बन्धी कार्य,<br>• आर्थिक विवरण तयार गर्ने,<br>• वेरुजु फछ्र्यौट सम्बन्धी कार्य,<br>• मन्त्रालयले तोकेका अन्य कार्य । | श्री विष्णु प्रसाद आचार्य |



CamScanner

७. मन्त्रालयवाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

❖ युवा तथा खेलकुद मन्त्रालयबाट नियमित सेवा लिन कुनै शुल्क लाग्दैन ।

८. मन्त्रालयको निर्णय गर्ने प्रक्रिया र अधिकारीः

❖ शाखाबाट महाशाखामा पेश भइ कार्यको प्रकृती अनुसार श्रीमान् सचिवज्यू वा माननीय मन्त्रीज्यूवाट निर्णय हुने।

९. मन्त्रालयको निर्णय उपर उजुरी सुन्ने अधिकारीः-

❖ महाशाखाको सेवा प्रवाहसम्बन्धमा सचिवले उजुरी सुन्ने, शाखाको सेवा प्रवाहसम्बन्धमा महाशाखा प्रमुखले उजुरी सुन्ने ।

१०. मन्त्रालयको सम्पादन गरेको कामको चौमासिक विवरणः-

❖ मन्त्रालय अन्तर्गतका कर्मचारी बिच ब्याडमिन्टन प्रतियोगिता-२०८२ कार्यक्रम सम्पन्न भएको ।

❖ निजामती सेवा दिवस-२०२५ को अवसरमा प्रमुख सचिव-११ र अधिकारिक ट्रेड युनियन-११ बिच आयोजित मैत्रीपूर्ण फुटबल प्रतियोगिता-२०८२ कार्यक्रम सम्पन्न भएको ।

❖ आ.व. २०८२/०८३ को प्रदेश खेलकुद विकास परिषद् मार्फत पेश भएको ४ वटा कार्यविधि-२०८२ तर्जुमा भएको ।

  १. खेलकुद विकासका लागि अनुदान सम्बन्धी कार्यविधी,२०८२
  २. जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन कार्यविधि, २०८२
  ३. स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८२
  ४. दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि,२०८२

❖ नियमित तथा प्रशासनिक कार्य सञ्चालन भएको ।

❖ GIOMS लाई अद्यावधिक गरिएको ।

❖ कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार गरिएको ।

❖ चालु आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत (सचिवज्यू) को चारपाङ्ग्रे सवारी साधन खरिद प्रक्रियाको कार्य अघि बढाइएको ।

❖ चालु आ.व. २०८२/८३ को वार्षिक कार्यक्रमबाट प्रदेश युवा परिषद्ले चारपाङ्ग्रे सवारी साधन खरिद गरिएको ।



CamScanner

- गत आ.व. २०८२/८१ को एकीकृत जीन्सी विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरिएको ।
- गत आ.व. २०८१/८२ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- चौतारा रंगशाला निर्माण, चौतारा साँगाचोकगढी- ५, सिन्धुपाल्चोक विशेष व्यवस्था अनुसार म्याद थप भएको हुँदा सो समय सिमा सम्म सम्पन्न गर्न निर्माण ब्यवसायीलाई निर्देशन गरिएको अवस्था ।
- मन्थली कभर्ड हल निर्माण, मन्थली- २, रामेछाप विशेष व्यवस्था अनुसार म्याद थप भएको हुँदा सो समय सिमा सम्म सम्पन्न गर्न निर्माण ब्यवसायीलाई निर्देशन गरिएको अवस्था ।
- गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि आ.व.२०८२/८३ मा विनियोजित रु. ९ करोड रकम निकासा गर्न राय सहमतीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको ।

## ११. सूचना अधिकारि प्रवक्ता र सचिवको नाम र पद :-

- सचिवः श्री बलराम ढकाल
- प्रवक्ताः श्री लोक बहादुर वाइबा
- सूचना अधिकारीः श्री देवराज कपाडी

## १२. मन्त्रालयको ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस मन्त्रालयको काम संग सम्बन्धित नियम कानूनहरुः

- प्रदेश खेलकुद विकास ऐन, २०७५
- प्रदेश खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०७६
- प्रदेख खेलकुद विकास नियमाली, २०७६ (संशोधन सहित)
- प्रदेख खेलकुद विकास नियमाली, २०७६
- प्रदेश युवा परिषद् नियमावली, २०७७
- प्रदेश युवा परिषद् ऐन, २०७६
- प्रदेश युवा परिषद्को उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि, २०७८
- दशौं राष्ट्रिय खेलकुद छनौट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि,२०८१
- प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७८
- विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- जिल्ला खेलकुद विकास समितिको कार्यालयमार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि,२०८१
- स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८१
- खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८१



CamScanner

१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः-

आ.व.२०८२/८३ श्रावण देखि कार्तिक मसान्तसम्मको खर्च विवरणः

| सि.न. | बजेट उपशीर्षक | विनियोजन बजेट | खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| क. | पूँजिगत बजेट | | | | |
| | ३४३०००११४ युवा तथा खेलकुद मन्त्रालय | ४९१,३४३,५०० | ० | ० | |
| ख. | चालु | | | | |
| | ३४३०००११३ युवा तथा खेलकुद मन्त्रालय | ७६,८४९,१०० | ३,९८७,८६२ | ५.१८% | |
| | कुल जम्मा (पूँजिगत+चालु) | ५६८,१९२,६०० | ३,९८७,८६२ | ०.७०% | |

१४. विगतमा मन्त्रालय अन्तर्गतको निकायबाट सञ्चालन तथा सम्पन्न भएका कार्यक्रम वा आयोजना सम्बन्धी विवरण,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त प्रतिभाशाली खेलाडीलाई सम्मान गर्ने कार्यक्रम गरिएको ।
- १३ जिल्लाका अध्यक्ष र कार्यालय प्रमुखहरुलाई अभिमुखिकरण कार्यक्रम मार्फत लेखा, प्रशासनिक ज्ञान सम्बन्धी अभिमुखिकरण सम्पन्न भएको।
- संविधान दिवसको अवसरमा असोज ३ गते अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी सम्मान कार्यक्रम र पुरस्कार रकम निकासा गरिएको।
  - पलेशा गोवर्धन (तेक्वान्दो) — कास्य पदक (पारा ओलम्पिक)
  - कविराज नेगी — प्रशिक्षक
  - एरिका गुरुङ (कराते) — रजत पदक (एसियन खेल)
  - कुशल श्रेष्ठ — प्रशिक्षक
  - प्रति संघ रु.१ लाख
- संविधान दिवसको अवसरमा असोज १ र २ मा १३ वटा टिमको सहभागिता मैत्रीपूर्ण भलिबल प्रतियोगिता सम्पन्न गरिएको।
- प्रदेशका १३ वटै जिल्लाका ८५ जनाको सहभागितामा उसु खेलको ७ दिने रेफ्री आधारभुत तालिम कार्यक्रम सम्पन्न ।
- Nepal Sports Journalists Forum (NSJF) को साझेदारीमा पल्सर स्पोर्टस अवार्ड कार्यक्रम ।
- आ.व. २०८१/८२ को लागि बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन र चारवटा कार्यविधि स्वीकृत भई कार्यान्वयनमा ल्याइएको ।



CamScanner

- बागमती प्रदेश मुख्यमन्त्री कप राष्ट्रिय महिला फुटबल प्रतियोगिता-२०८२, नुवाकोट
- राष्ट्रिय खुला व्याडमिन्टन प्रियोगिता-२०८२, नुवाकोट
- मुख्यमन्त्री-११ र प्रमुख सचिव-११ बीच मैत्रीपुर्ण फुटबल प्रतियोगिता-२०८२, गौरीटार रंगशाला, मकवानपुर
- बागमती प्रदेशबाट प्रतिनिधित्व गरी स्वर्ण पदक बिजेता कराँते खेलाडीलाई रु.५० हजार पुरस्कार प्रदान गरिएको।
- अपाङ्ग क्षेत्रबाट प्रतिनिधित्व गरी विभिन्न खेलहरु जस्तै ह्विल चेयर बास्केटबल, पारा व्याडमिन्टन, पारा स्वीमिङ कार्यक्रम गरिएको।
- मकवानपुरको गौरीटारमा भएको रेफ्री तथा प्रशिक्षक प्रशिक्षण तालिम अन्तर्गत फुटबल खेलका बागमती प्रदेश भित्रका कूल ४१ जना सहभागी मध्ये १३ जनाले सी लाइसेन्स प्राप्त गरेका।
- विभिन्न खेलका २६ जना स्वंयसेवक प्रशिक्षक नियुक्ति गरी आवश्यक जिल्लामा प्रतियोगिता सञ्चालन तथा नव प्रतिभाको खोजीका लागि परिचालन गरिएको ।
- जिल्ला अध्यक्ष तथा कार्यालय प्रमुख सहितको बैठकबाट खेलकुद सम्बन्धी ७ बुँदे दोलखा प्रतिवद्धता जाहेर गरिएको ।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसको अवसरमा खेलकुद गतिविधी सञ्चालन
- ओलम्पियनसँग विधार्थी कार्यक्रम
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सम्मान तथा पुरस्कार
- नव प्रतिभा पहिचान (टयालेन्ट हन्ट) कार्यक्रम सञ्चालन
- Multi Sports Coaches Training सञ्चालन
- रेफ्रि तथा प्रशिक्षक तालिम सञ्चालन
- गौरीटार बहुउद्देश्यीय कभर्डहल डिपिआर तयार
- गौरीटार अन्तर्राष्ट्रिय रंगशाला परिसरको घेराबार मर्मत, रंगरोगन तथा सुरक्षा उपकरण जडान
- कालिका मन्दिर नजिक खेल मैदान निर्माण कालिका-८, चितवन
- मंगलटाँडी खेल मैदान पूर्वाधार निर्माण राप्ती-५, चितवन
- भण्डारा मावि खेल मैदान निर्माण राप्ती-६, चितवन
- संसारी डाडा खेल मैदान रुवी भ्याली-३, धादिङ
- चित्रवन रंगशाला निर्माण, भरतपुर
- वुर्जाडाँडा खेलमैदान स्तरोन्नती, मकवानपुर
- मंगलटाँडी खेल मैदान पूर्वाधार निर्माण राप्ती-५, चितवन
- भण्डारा मावि खेल मैदान निर्माण राप्ती-६, चितवन
- फर्पिङ खेल मैदान निर्माण,
- संसारी डाडा खेल मैदान रुवी भ्याली-३, धादिङ
- जिरी नगरस्तरीय कभर्ड हल निर्माण, दोलखा
- च्याकुटारवेशी खेल मैदान, सिन्धुली
- मासटार कभर्ड हल निर्माण, धादिङ्ग



CamScanner

- ❖ संसारीडाँडा खेलमैदान निर्माण, रामेछाप
- ❖ कजर्ग खेल मैदान निर्माण, रामेछाप
- ❖ लेखर्क नयाँ बस्ती खेल मैदान निर्माण, सिन्धुपाल्चोक
- ❖ राष्ट्रिय युवा कविता उत्सव २०८१ सम्पन्न गरिएको
- ❖ १४२५ जना युवाहरुको लागि १६० तथा ३९० घण्टे सीपमुलुक तालिम संचालन भएको ।
- ❖ प्रदेश युवा परिषद् बागमती अन्तर्गत रहेको १३ जिल्ला भित्रका १० जोड २/क्याम्पसमा आधारित युवाहरुलाई निति र नैतिकता सम्बन्धी तालिम संचालन भएको ।
- ❖ द्वन्द्व पिडित, घाईते तथा अपाङ्गता भएका युवाहरुलाई उद्यम लक्षित कार्यक्रम
- ❖ किशोरी आत्मरक्षा तालिम (दश जोड २ का विद्यालय तथा क्याम्पसका विद्यार्थीहरुका लागि) प्रदेश युवा परिषद् बागमती अन्तर्गत रहेको १३ जिल्ला भित्रका किशोरी आत्मरक्षा तालिम संचालन भएको।
- ❖ युवाहरुलाई स्ट्रिट फुड, स्थानिय उत्पादन प्रवर्धन र खाद्य सुरक्षा सम्बन्धी तालिम प्रदेश युवा परिषद् बागमती अन्तर्गत रहेको १३ जिल्ला भित्रका युवाहरुले छोटो अवधिको चटपटे, केराको परिकार, विभिन्न थरिको अचार सम्बन्धि तालिम संचालन भएको ।
- ❖ प्रदेश युवा परिषद् बागमती अन्तर्गत रहेको १३ जिल्ला भित्रका युवाहरुलाई लागु पदार्थ दुर्व्यसन र साईबर क्राईस सम्बन्धमा चेतना कार्यक्रम संचालन ।
- ❖ तेश्रो बागमती प्रदेश युवा सम्मेलन-२०८२
- ❖ सरकारी तथा गैह सरकारी संघ संस्थाको समन्वयमा युवा लक्षित कार्यक्रम
- ❖ युवाहरुको छोटो अवधिको तालिम लिई थौरै लगानिमा सानोतिनो व्यापार व्यवसायको सुरुवात गराउने उद्देश्यले मन्टेश्वरी, बारबर जस्ता कार्यक्रम संचालन भएको ।
- ❖ युवा क्लब गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रमः
- ❖ युवाहरुलाई नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका बारेमा सुसूचित गराउने उद्देश्यका साथ सिन्धुलीमा नमुना गाउँ सभा र हेटौंडामा नमुना युवा संसद कार्यक्रम भएको ।
- ❖ परम्परागत सीप संरक्षण र संवर्धन गरि आधुनिकिकरण गर्न विभिन्न किसिमको तालिम तथा कार्यक्रम संचालन भएको ।
- ❖ बागमती प्रदेश भित्र वसोबास गर्ने फरक क्षमता भएको १३ युवाहरु विभिन्न सामग्री वितरणभएको ।
- ❖ युवा प्रतिभा पहिचान कार्यक्रमः प्रदेश भित्र रहेका युवाहरुको प्रतिभा पहिचान गरि ५ जना युवाहरुलाई ५०,०००/-का दरले पुरस्कृत गरि कार्यक्रम संचालन भएको ।



CamScanner

१५. तोकिए बमोजिमका अन्य विवरण

- खेलकुद प्रतियोगिता सञ्चालन गरिएको ।
- प्रदेशस्तरीय नमुना युवा उद्यमी सम्मेलन गरिएको ।
- प्रदेशस्तरीय नमूना संसद सञ्चालन अभियान सञ्चालन गरिएको
- नमुना युवा उद्यमीलाई सम्मान गर्ने कार्यक्रम गरेको ।
- चालु आ.व. २०८२/८३ को लागि यस मन्त्रालयबाट कार्यान्वियन हुने गरी स्वीकृत भएका आयोजना तथा कार्यक्रम मध्ये २७९ वटा आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्न सामाजिक विकास मन्त्रालय अन्तर्गतका सामाजिक विकास कार्यालयमा २३५ र ४४ वटा आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्न मन्त्रालय अन्तर्गतको प्रदेश खेलकुद विकास परिषद्मा पठाइएको ।
- सिन्धुपाल्चोकको चौतारा रंगशाला र रामेछापको मन्थली कभर्ड हल निर्माणको नपुग हुने बजेट रकम थप निकासा गरिदिने व्यवस्थाका लागि श्री आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गरिएको।

अनुसूची १:

मन्त्रालय अन्तर्गतका परिषद् कार्यालयको सम्पर्क विवरण:

| क्र.सं. | मन्त्रालय/ कार्यालयको नाम र ठेगाना | मन्त्रालय/ कार्यालयको वेबसाईट | कार्यालय ईमेल ठेगाना | कार्यालय प्रमुखको नाम र सम्पर्क नं. | प्रवक्ताको नाम र ठेगाना | सूचना अधिकारीको नाम र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद मन्त्रालय बागमती प्रदेश, हेटौंडा । | moyas.bagamati.gov.np | info.moyas@bagamati.gov.np | बलराम ढकाल | लोक बहादुर वाइबा | देवराज कपाडी ९८५५०३४४०६ |
| २ | प्रदेश युवा परिषद् बागमती प्रदेश, हेटौंडा । | pyc.bagamati.gov.np | info.pyc@bagamati.gov.np | - | - | आरती पौडेल ९८५५०५९२०६ |
| ३ | प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश, हेटौंडा । | sports.bagamati.gov.np | Psdcp3@gmail.com | नेत्र प्रसाद भट्टराई ९८४१५९७७३८ | - | दुर्गा प्रसाद दुलाल ९८५१०५४२२९ |
| ४ | सामाजिक विकास कार्यालय, हेटौंडा, मकवानपुर । | sdohetauda.bagamati.gov.np | osdhetauda@gmail.com | सुर्य बहादुर दहाल ९८४१६०५३४२ | - | प्रेम लाल रिजाल ९८४५१०२९९७ |
| ५ | सामाजिक विकास कार्यालय, भैसेपाटी, ललितपुर । | sdolalitpur.bagamati.gov.np | pkafley25@gmail.com | नवराज नेपाल ९८५१४१०५६५ | - | सुजाता राई ९८५१४०२५२६ |
| ६ | सामाजिक विकास कार्यालय, गजुरी, धादिङ । | sdodhading.bagamati.gov.np | pciugajuri@gmail.com | रमेश घिमिरे ९८५१२२५१८९ | - | सुशिला सुबेदी ९८५१४००५६८ |
| ७ | सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोक । | | sdokavre@gmail.com | रन माया फ्याक ९८५१२२९३२६ | - | |



CamScanner